# पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय

पटेर्वा सुगौली, पर्सा

# सूचना

***प्रथमपटक प्रकाशित मितिः २०७५/४/३१***

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा (२ प) बमोजिम यस गाउँपालिका अन्तर्गत रहेका तपसिल बमोजिमका खोलाहरूबाट चालू आ.व. २०७५-७६ को २०७६ जेठ मसान्तसम्मको लागि निकासी हुने ढुङ्गा, गिट्टी, ग्रेभल, बालुवा, बिक्री कर सङ्कलन ठेक्का बन्दोबस्त बढाबढको माध्यमबाट गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रथमपटक प्रकाशित मितिले ३० औं दिनभित्र तपसिलमा तोकिए बमोजिमको रकम नगदै तिरी (पछि फिर्ता नहुनेगरी) यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२) प्रत्येक ठेक्काको लागि अलग-अलग बोलपत्र फाराम खरिद गरी ३१ (एकतीस) औं दिन दिनको १:०० बजेसम्म नेपाली नागरिकताको प्रतिलिपि तथा आफूले कबोल गरेको अङ्कको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक वीरगंजमा रहेको धरौटी खाता नं. १२५०३०३००७१०६ मा नगदै दाखिला गरेको सक्कलै बैंक भाउचर वा ९० दिनको म्याद रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट बैंक ग्यारेन्टी संलग्न राखी सिलबन्दी बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराउनुपर्नेछ ।

३) रितपूर्वक दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरू सोही दिन अर्थात् ३१ (एकतीस) औं दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

४) बोलपत्र फाराम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा क्रमशः सोको भोलिपल्ट बोलपत्र फाराम खरिद, दाखिला र खोलिने कार्य हुनेछ ।

५. ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाई मिन्हा वा क्षतिपूर्तिसम्बन्धी कुनै शर्त स्वीकार्य हुनेछैन ।

६. ठेक्का रकम ठेकेदारले पहिलो किस्ता आफूले कबोल गरेको ठेक्का रकमको ४० प्रतिशतले हुन आउने रकम चलनपूर्जी लिने दिनमा नगदै बुझाउनुपर्नेछ । दोस्रो किस्तावापत ३० प्रतिशत रकम २०७५ पुस मसान्तभित्र र तेस्रो तथा अन्तिम किस्तावापत ३० प्रतिशत रकम २०७५ चैत्र मसान्तसम्म बुझाउनुपर्नेछ । ठेकेदारले पहिलो किस्तावापत कबोल अङ्कको ४० प्रतिशत रकम दाखिला गरी बाँकी ६० प्रतिशत रकमको २०७६ साल साउन मसान्तसम्म म्याद भएको नेपाल राज्यको कुनै पनि मान्यताप्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको परफरमेन्स बण्ड पेश गरी सम्झौता गर्नुपर्नेछ ।

७. एकमुस्ठ कबोल अङ्क बुझाएमा १० प्रतिशतसम्म छुट दिन सकिनेछ तर त्यस्तो छुट कार्यालयबाट कायम गरिएको न्यूनतम अङ्कभन्दा घटी हुने गरी छुट दिन सकिनेछैन ।

८. कबोल अङ्कको १३ प्रतिशत मू.अ.कर. र १.५ प्रतिशत अग्रिम आयकरसमेत यस कार्यालयमा बुझाउनुपर्नेछ ।

९. ढुङ्गा, बालुवा, गिट्टी, ग्रेभल निकासीमा प्रतिघनफिट रु ४/- (चार) का दरले निकासी गर्नुपर्ने गरी बिक्री कर तोकिएको छ ।

१०. वन तथा खोलानाला प्राकृतिक धार किनारालाई तथा अन्य अवस्थाहरूलाई हानि नोक्सानी हुन नपाउने गरी सार्वजनिक स्थल, पुल, सडक, कलभर्ट, कजवे आदिको तलमाथि पाँच/पाँच सय मिटर तथा दायाँ बायाँ पचास मिटर छाडेर मात्र Canalize गरी Cannel भित्र परिमाणको परिधिभित्र रही खोलाको अवस्था र ढुङ्गा, गिट्टी, बालुवाको Deposition को मात्रा हेरी बढीमा ०.५ मिटरदेखि १ मिटरसम्म मात्र गहिराइ गरी बालुवा, ढुङ्गा, गिट्टी र ग्रेभल झिक्ने र झिकाउने बन्दोबस्त ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ । यसरी झिक्दा नदी कटान हुने क्षेत्रमा सङ्कलन गर्न पाइने छैन । सो विपरीत काम गरेमा त्यसको जवाफदेही ठेकेदार स्वयं हुनुपर्नेछ ।

११. कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुनेछैन साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारबाई हुने छैन ।

१२. ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन तथा निकासीमा एक्साभेटर, डोजर तथा ठूला उपकरणहरू प्रयोग गर्न पाइने छैन ।

१३. प्रत्येक महिनाको ७ गतेभित्र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन ओसार/पसारको मासिक प्रगति प्रतिवेदन नगदी रसिदको अर्धकट्टीसमेत अनिवार्यरूपमा यस कार्यालयमा पठाउनुपर्नेछ ।

१४. विशेषगरी बालुवा, ढुङ्गा, ग्रेभल आदि झिक्दा वातावरणीय सन्तुलनमा असर नपर्ने गरी र भूबनोट एवं प्राकृतिक सौन्दर्यमा असर नपर्ने गरी झिक्ने बन्दोबस्त ठेकेदारले मिलाउनुपर्नेछ । वातावरण सन्तुलन वा भूउपयोगिताको दृष्टिकोणबाट वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकुञ्जको निषेधित वन सिमाना भित्रबाट बालुवा, ढुङ्गा, गिटी, ग्रेभल आदि ठेकेदारले अनुमति बेगर झिक्न पाउने छैन । वन तथा वन्यजन्तु आरक्ष र राष्ट्रिय निकुञ्जसम्बन्धी कानूनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१५. जिल्ला अनुगमन समितिले स्वीकृत गरेको कार्यविधि र IEE रिपोर्टमा उल्लेख भएको शर्तहरूको पालना ठेकेदारले गर्नुपर्नेछ ।

१६. अन्य विस्तृत शर्तहरूको हकमा यस कार्यालयमा बुझ्न सकिनेछ ।

**तपसिल**

| आय ठेक्का नं. | विवरण | (ढुङ्गा, बालुवा, गिटी ग्रेभल) जम्मा घ.फिट | न्यूनतम कबोल अङ्क (भ्याटबाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| ०१/२०७५/०७६ | भलुवाही | २२१८६५३ | ८८७४६१२१०० | १०००/- |
| ०२/२०७५/०७६ | जमुनिया | १५१२६३० | ६०५०५२०।०० | १०००/- |